धनपालथान गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, मोरङ्ग
बिधुतिय बोलपत्र आह्वान सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित भएको मितिः २०७९/०५/०७

यस धनपालथान गाउँपालिकाको आ ब २०७९।०८० को स्वीकृत कार्यक्रम सामुदायिक बिधालयका छात्राहरुलाई निशुल्क सेनिटरी प्याड ब्यबस्थापनका लागि तपसिलमा उल्लेखित योजना बिधुतिय बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले सो संग सम्बन्धित ब्यबसायीहरुले सुचनाको शर्तहरुको अधिनमा रहि रीतपुर्वकको E-Bidding (बिधुतिय बोलपत्र) मार्फत बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरीएको छ ।

तपसिल

| क्र.सं. | ठेक्का नं. | ठेक्का विवरण | ल.ई. रकम (मु.अ.कर बाहेक) | धरौटी रकम | ठेक्का किसिम | दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ०१।२०७९।०८० | सेनिटरी प्याड खरिद | रु.११७१६६०।00 | रु.६0,000।00 | बिधुतिय बोलपत्र | रु.३,000।00 | |

शर्तहरु:

१) यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिन १२:०० वजे भित्र E-Bidding मार्फत www.bolpatra.gov.np को माध्यमवाट बोलपत्र पेश गर्न सकिनेछ । वोलपत्र दस्तुर वापतको रकम धनपालथान गा.पा.को कर्सिया स्थित मेगा वैंक लि.,मा रहेको आन्तरीक राजस्व खाता नं.३१२००१००००६५ मा जम्मा गरेको भौचर समेत पेश गर्नु पर्नेछ ।

२) E-Bidding वोलपत्रको साथमा ईच्छुक फर्म कम्पनी वा संस्थाको इजाजत पत्र वा फर्म दर्ता प्रमाणपत्र,ब्यबसायीक कर दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्वर , मु.अ.कर दर्ता नम्वर, आ.व.२०७७।०७८ को कर चुक्ता प्रमाणपत्र आदिको प्रतिलिपी, कालो सुचीमा नपरेको तथा कानुनबाट कुनै अयोग्य नभएको लिखित घोषणा पत्र र अन्य आबश्यक कागजातहरु सहित E-Bidding वोलपत्रको साथमा संलग्न गर्नु पर्नेछ । साथै धरौटी वापतको रकमको हकमा यस कार्यालयको नाममा रहेको मेगा वैंक लि., कर्सिया स्थित धरौटी खाता नम्वर ३१२००१००००४३ मा जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र वैंकवाट मान्यता प्राप्त 'क' श्रेणीको वैंकवाट जारी गरेको कम्तीमा १२० दिन म्याद भएको विडवण्ड (बोलपत्र जमानत) पेश गर्नु पर्नेछ ।

३) E-Bidding मार्फत पेश भएका बोलपत्रहरु ३१ औ दिन दिनको २ बजे यस कार्यालयमा प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ।

४) E-Bidding वोलपत्र फारम खरिद गर्ने अन्तिम दिन वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परे लगतै कार्यालय खुलेको दिन तोकिएकै समयमा उक्त कार्यहरु गरिनेछ ।

५) दररेट वा कबोल रकम अंक र अक्षरमा प्रष्टसंग उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको लाई मान्यता दिइनेछ ।

६) बोलपत्रको मान्य अवधि बोलपत्र खोलेको मितिले ९० (नब्बे) दिनको रहनेछ ।

७) सेनिटरी प्याड (बितरण तथा ब्यबस्थापन) कार्यबिधि २०७६ को अनुसुची १ मा भएको न्यूनतम मापदण्ड बमोजिमको गुणस्तरको सेनिटरी प्याड भएको हुनुपर्नेछ । प्याडको प्रत्येक प्याकिङ्गको बाहिर उत्पादन मिति Expired Date / Batch No., निशुल्क बितरण लेखिएको हुनुपर्नेछ । आपुर्तिकर्ताले यस गाउँपालिका सम्मको ढुवानीका लागि लाग्ने सम्पुर्ण खर्च ब्यहोर्नु पर्नेछ ।

८) बोलपत्र पुरै वा आशिंक रुपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ । थप कुरा बुझ्नुपरेमा कार्यालय समय भित्र कार्यालयमा सम्पर्क नं ०२१५६५१२२ सम्पर्क गर्नुहुन अनुरोध छ ।

९) यस सूचनामा उल्लेख भएका कुराहरु सोही बमोजिम तथा अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ एवम् प्रचलित ऐन नियमानुसार हुनेछ ।

२०७९।५।६

केशब कुमार ढकाल
प्रमुख प्रशासकिय अधिकृत

केशव कुमार ढकाल
प्रमुख प्रशासकीय अधिकृत